# मालारानी राजपत्र

**मालारानी गाउँपालिका, अर्घाखाँचीद्वारा प्रकाशित**

**खण्ड-८, मालारानी गाउँपालिका, मितिः २०८१/०३/३१ संख्या : २**


भाग १

# मालारानी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खनदह, अर्घाखाँची

# मालारानी गाउँपालिकाको विनियोजन ऐन, २०८१

सभाबाट पारित मितिः २०८१।०३।२६

## मालारानी गाउँपालिकाको आर्थिक वर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

**प्रस्तावनाः** मालारानी गाउपालिकाको आर्थिक वर्ष २०८१।२०८२ को

सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मालारानी गाउँ सभाबाट यो ऐन पारित गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "मालारानी गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन सभाबाट पारित भएपश्चात् प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ६२,४३,३७,४३८ (अक्षेरुपी बैसठ्ठी करोड त्रिचालिस लाख सैंतीस हजार चार सय अड्तिीस रुपैंया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।०८२ को निमित्त मालारानी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्ने छ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजीगत खर्च र वित्तीय

व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्ने छ।

४. नियम, निर्देशिका, कार्यविधि, मापदण्ड निर्माण तथा लागू गर्न सक्नेः यस ऐन बमोजिम योजना तथा कार्यक्रमको सहजता, सरलता, पारदर्शीता एकरुपताको लागि आवश्यकता अनुसार गाउँकार्यपालिकाले नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाई लागू गर्न सक्ने छ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनीयोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | शसर्त | समपुरक | विशेष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १ | | गाउँ कार्यपालिका | १३००२९६२० | ११५३१८८१८ | ३४४४८९००० | २२०००००० | १२५००००० | ६२४३३७४३८ |
| २ | | वडा समिति | | | | | | |
| ३ | | विषयगत शाखा | | | | | | |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | | | | | | |
| ५ | | लगानी (शेयर । ऋण) | | | | | | |

आज्ञाले
अशर जि. सी.
प्रमुख प्रशासकीय अधिकृत